# लेखापरीक्षण प्रतिवेदन

# अछाम

## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय

## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुर्‍याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुर्‍याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुर्‍याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. जिल्ला कृषि विकास कार्यालय | ३ |
| | ३.२. जिल्ला विकास समितिको कार्यालय | ५ |
| | ३.३. जिल्ला शिक्षा कार्यालय | १७ |
| | ३.४. जिल्ला स्वास्थ्य कार्यालय | २० |
| | ३.५. डिभिजन सडक कार्यालय | २२ |
| | ३.६. नया शहर आयोजना | २६ |
| | ३.७. सांफेवगर मंगलसेन मार्तडी सडक योजना | २७ |
| | ३.८. सेति लोकमार्ग (टिकापुर लोडे चैनपुर ताक्लाकोट) सडक योजना | ३० |
| | ३.९. स्थानीय विकास कोषको सचिवालय | ३२ |
| ४. | आन्तरिक लेखापरीक्षण | ३३ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | ३५ |
| अनुसूची २ : बेरुजूको स्थिति | | ३६ |
| अनुसूची ३ : जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | | ३७ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | ३९ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ९ कार्यालयको विस्तृत र २८ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्ला स्थित ३७ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.४ अर्ब ४४ करोड ५५ लाख को लेखापरीक्षण सम्पन्न गरीएको छ। लेखापरीक्षण गरीएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुर्‍याउनुपर्ने रीत नपुर्‍याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहर्‍याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरीएको छ।

यस वर्ष १६कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ३०० र रु.२३ करोड ५० लाख ६० हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म १३ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका १४९ दफा र रु १ करोड २८ लाख २३ हजार मिलान गरी १६ कार्यालयको दफा १५१ र रु.२२ करोड २२ लाख ३७ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरीएको छ। लेखापरीक्षणको क्रममा रु ६ लाख ८३ हजार र प्रतिक्रियाबाट रु १ लाख ४५ हजार समेत रु ८ लाख २८ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.८७ लाख ४४ हजार, अनियमित रु.१४ करोड ८१ लाख २८ हजार र पेश्की रु.६ करोड ५३ लाख ६५ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ। ल

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुर्‍याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमासम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला कृषि विकास कार्यालय

१. **खर्च तथा प्रगति :** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी बजेट विनियोजन तथा कार्यक्रम स्वीकृत भएकोमा कार्यालयले पूजीगत तथा कार्यक्रम तर्फ बार्षिक खर्च रु.५ करोड ४१ लाख ९० हजारमध्ये तेश्रो चौमासिकमा ५३.८८ प्रतिशत र आषाढ महिनामा ३०.७२ प्रतिशत खर्च गरेको छ । कार्यालयले ५० प्रतिशत अनुदानमा धानको विउ वितरण, तरुल उत्पादन प्रदर्शन, स्थानीय जातका बालीहरुको इन्भेन्टोरी संकलन, जैविक विविधता सम्बन्धी पोष्टर पम्प्लेट छपाइ, गाउ विकास समिति स्तरमा साना अनुदान सम्बन्धमा अभिमुखीकरण कार्यक्रम, सेवा प्रदायक संग कार्यक्रम समिक्षा र जिल्ला स्तर प्रगति समिक्षा तथा अन्तरकृया समेत ७ कार्यक्रममा लक्ष अनुरुप कार्य नगरी शुन्य प्रगती गरेको छ । अतः लक्ष वमोजिम प्रगति हासिल गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रणको मूल्यांकन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको, जिन्सी मालसमानको मर्मत तथा लिलाम नभएको, अनुसूची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार नगरेको, कृषकहरुलाई मिनिकिट वितरण गरेकोमा सोको व्यवस्थित अभिलेख नराखेको, चल्ती मेसिन तथा सवारी साधन मर्मत गर्दा म.ले.प.फा.न.२ मर्मत अभिलेख नराखेको,राजस्वतर्फ नगदी रसिद र गोश्वारा भौचर मात्र राखि अन्य वांकी फारमहरु राख्ने नगरेको,तालुक कार्यालयले निरिक्षण गरेको लिखित अभिलेख राख्ने नगरेको, भ्रमण अभिलेख खाता नराखेको जस्ता व्यहोरा देखिएको छ । प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

३. **करारमा नियुक्ति :** कार्यालयले १ वर्षभन्दा बढी रिक्त रहेको १ पदमा प्रतिस्पर्धात्मक तवरले सूचना प्रकाशन गरी व्यक्तिगत आधारमा नियुक्ति र २ पदमा खरिद ऐन, नियमावली बमोजिम फर्म वा कम्पनी मार्फत करारमा नियुक्ति गरी तलब भत्तामा रु.३ लाख ८० हजार खर्च गरेको छ ।

४. **कार्यक्रमको अनुगमन :** स्वीकृत बजेट तोकिएको कार्यमा प्रयोग भएको हुनु पर्दछ । कार्यालयले व्यवसायीक कृषि विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा प्लाष्टिक घर निर्माण कार्य ४० समुहमा गर्नका लागि रु.४ लाख ७० हजार बजेट व्यवस्था भए बमोजिम एक सप्लायर्सलाई घर निर्माणका लागि आवश्यक पर्ने १२० जी. एस. एम. प्लाष्टिक, कृनोसिस गोल्ड, डोरी आदि सामान खरिद गरी ६ सेवा केन्द्र मार्फत ४० समूहलाई सामान बुझाई उक्त कार्य भएको देखिन्छ । समूह र कार्यालय बिच ५० प्रतिशत अनुदानमा सम्पन्न कार्यको समुहको बिल भरपाई संलग्न नहुनुका साथै सम्बन्धित सेवा केन्द्र ले सामान मात्र बुझाएको भरपाई

संलग्न रहेकोले अनुदानमा उपलब्ध गराएको सामानको बास्तविक प्रयोग सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्ने देखिन्छ ।

सहकारी खेती, साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रमका लागि २७ सहकारी/कृषक समूहलाई रु.४२ लाख ९६ हजार अनुदान दिने गरी कार्यक्रम स्वीकृत भएकोमा विभिन्न ३० कृषक समूह/सहकारी संस्थालाई अनुदान दिएको छ । वितरित अनुदानवाट समूहले सिंचाई आयोजना संचालन गरे नगरेको र निरन्तरता पाए नपाएको सम्वन्धमा निर्देशिका वमोजिमको अनुगमन मूल्यांकन गरेको छैन । कार्यालयले रेकर्ड राखी स्वीकृत कार्यक्रम अनुसार वितरित अनुदानको अनुगमन प्रतिवेदन लिनु पर्दछ ।

५. **अवलोकन भ्रमण** : अन्तर जिल्ला बजार अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्बन्धित कार्यालय प्रमुखले स्वीकृति गर्न सक्ने र सो बाहेक भ्रमण कार्य गराउनु पर्ने अवस्थामा विभागीय प्रमुखको स्वीकृती लिनु पर्दछ । अन्तरजिल्ला अवलोकन तथा अध्ययन कार्यको लागि७ दिन अछाम हुदै इलाम सम्मको भ्रमण कार्य स्वीकृत गर्दा विभागीय प्रमुखको स्वीकृती लिएको देखिएन । बस भाडा तथा इन्धन बापत स्वीकृत नर्म्समा रु.७० हजार खर्च गर्न पाउनेमा रु.१ लाख ४८ हजार खर्च गरेकोले नर्म्स भन्दा बढी खर्च भएको रु.७८ हजार, ७ दिनको रु.८४ हजार भाडा भुक्तानी गरेकोमा भाडा कर १० प्रतिशत कट्टि नगरेकोले सम्बन्धित वाट रु.८४००।- असुल गरी दाखीला गर्नु पर्दछ ।

६. **दाखीला नगरेको :** एक कर्मचारीवाट ५० प्रतिशत अनुदानमा तरकारी नर्सरी स्थापना कार्यक्रमका लागि एक सप्लायर्स लाई रु ४० हजारको बन्दा, काउली, प्याज विउ खरिद गरी पुरै रकम भुक्तानी गरेकोमा विउ वितरण गर्दा कृषकहरु वाट ५० प्रतिशतले हुने रकम रु २० हजार लिएकोमा सो रकम दाखिला नगरेकोले सम्बन्धित वाट असुल गरी राजस्वमा दाखीला गर्नु पर्दछ ।

त्यस्तै अर्को कर्मचारीले ७५ प्रतिशत अनुदानमा मकै विउ वितरण कार्यक्रमका लागि एक एग्रोभेट सेन्टरवाट रु ८० हजारको देउती मकै विउ १० क्विन्टल खरिद गरी पुरै रकम भुक्तानी गरेकोमा विउ वितरण गर्दा कृषकहरु वाट २५ प्रतिशत ले हुने रकम रु २० हजार लिएकोमा सो रकम दाखीला नगरेकोले सम्बन्धित वाट असुल गरीराजस्वमा दाखीला हुनु पर्दछ ।

७. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेकोमा कार्यालयले यो आर्थिक वर्ष भित्र ६ पटक ३ फर्मसंग विभिन्न मितिमा ५४४५ थान सुपरग्रीन व्याग खरिद गरी रु.१६ लाख ७० हजार भुक्तानी गरेको छ । नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद गर्नुपर्दछ ।

उपरोक्त ५४४५ थान सुपरग्रीन व्याग कृषक पाठशाला संचालन भएका शिद्धेश्वर, जाल्पादेवी, बुढाकोट, बस्ति, धमाली, सेरा लगायतका गाउ विकास समितिका कृषकहरुलाइ प्रति कृषक ८ देखि २५ वटा सम्म का दरले वितरण गरेकोमा व्यागको प्रयोग भए नभएको सम्बन्धमा अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन ।

## जिल्ला विकास समितिको कार्यालय

१. **बैंक मौज्दात फरक** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४३ अनुसार आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । समितिले पेश गरेको आयव्यय विवरणमा स्रेस्ता बमोजिम रु.३७५५११०८। मौज्दात देखिएकोमा राष्ट्रिय वाणिज्य वैकको १७ वटा बैक खाताको स्टेटमेन्ट अनुसार खातागत रुपमा आर्थिक वर्ष को अन्त्यमा रु.५११९८६००। मौज्दात देखिएकोले फरक बैक वढी देखिन आएको रु.१३६४७४९१। सम्बन्धमा हिसाव मिलान गर्नु पर्दछ ।

२. **धरौटी** : गत वर्षको जिम्मेवारी रु.६६ लाख ४९ हजारमा यस वर्षको आम्दानी रु.२९ लाख ३७ हजार समेत रु.९५ लाख ८६ हजारमा फिर्ता रु.२५ लाख ७५ हजार भई आर्थिक वर्षको अन्त्यमा रु.७० लाख १२ हजार बाँकी रहेको छ । बैंक स्टेटमेन्ट अनुसाररु.६३ लाख ३६ हजार वांकी देखिएकोले फरक रु.६ लाख ७६ हजार हिसाव मिलान गर्नु पर्ने देखिन्छ ।

३. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ मा पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौंट हुन नसकेमा बाँकी रहेको पेश्की नाम नामेसी सहित जिम्मेवारी सारी फछ्र्यौंट गर्नुपर्ने व्यवस्था छ । गत वर्ष सम्मको कुल पेश्की वाँकी रु.८ करोड २२ लाख ४४ हजारमा यस वर्ष फछ्र्यौंट रु.५ करोड ९० लाख ४८ हजार र यस वर्षको रकम रु.८२ लाख ३१ हजारमा लेखापरीक्षण अवधिमा फछ्र्यौंट भएको रु ४ लाख ४६ हजार समायोजन गरी खुद वाँकी रु.३ करोड ९ लाख ८१ हजार रहेको छ । पेश्कीमा नियन्त्रण गरी बाँकी रहेको पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

४. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । वार्षिक खरिद योजना आंशिक रुपमा तयार गरेको, जिन्सी मालसमानको लिलाम तथा मर्मत नभएको, क्यामरा, ल्यापटप जस्ता सामानहरु कर्मचारीलाई दिदाँ उक्त सामानहरुको स्पेसिफिकेशन, सिरियल नम्वर, मोडल नं.आदि उल्लेख गरी सहायक रजिष्टर नराखेको, सरुवा भई गएका तथा पूर्व कर्मचारीहरुले समेत जिन्सी सामान फिर्ता नगरेको, अनुसूची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार नगरेको, समयमै पेश्की फछ्र्यौट हुने नगरेको, पेश्की माथी पेश्की दिने गरेको, वढी पेश्की दिई कर्मचारीले बैंक फिर्ता दाखिला गर्ने गरेको, विलभरपाईमा भुक्तानी भएको छाप नलगाएको, तालुक कार्यालयले निरीक्षण नगरेको,रसिद नियन्त्रण खाता व्यवस्थीत रुपमा नराखेको, कार्यालयले उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको,भ्रमण अभिलेख नराखेको, ईन्धन प्रयोगको सवारी लगबुक नराखेको देखिएको छ ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० बमोजिम अनुसूची ११,१४,३३,६२,६७,६४,६९र७६ जस्ता फारमको अभिलेख नराखेको, नियम ५७ अनुसार समितिको आन्तरिक लेखापरीक्षण मासिकरुपमा नगरेको, लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण नगरेको, उपभोक्ता समितिले लेखा दुरुस्त राखे नराखेको सम्वन्धमा अनुगमन नगरेको, उपभोक्ता

समितिको कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी कार्यस्थलमा सार्वजनिक परीक्षण गरी प्रतिवेदन नलिएको,आयोजनाहरुको नापी किताव इष्टिमेट, मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन आदिमा चेनेज नखुलेको, आयोजनाहरु उपभोक्ता समितिहरुलाई हस्तान्तरण नगरेको, जिल्ला विकास आयोजनाहरु, आवधिक योजनाको लक्ष्य, वातावरणीय प्रभाव र इलाका बीचको सन्तुलनको विश्लेषण गरी योजना सञ्चालन नगरेको, गाउ विकास समिति ५६ को आर्थिक कारोबारको निरीक्षणनगरेको, कार्यको नापजाँच एवं मूल्यांकन गर्दा साइट रजिष्टर र आइटमवाइज रजिष्टरलाई आधारमानी नापी किताव व्यवस्थित नगरेको जस्ता व्यहोरा देखिएका छन । प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

५. **प्रगति विवरण** : कार्यालयले पेश गरेको प्रगति विवरण अनुसार २७५ कार्यक्रम संचालन गरीएकोमा १ योजनाको  २५ प्रतिशत सम्म प्रगति, २ वटाको ७५ प्रतिशत र २७२ वटाको ७५ प्रतिशत भन्दा बढी प्रगति भएको उल्लेख छ । अनुगमन तथा निरीक्षण गरी न्यून प्रगति भएको कार्यक्रमको प्रगति शत प्रतिशत गर्ने र तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

६. **अधुरा योजना** : कार्यालयबाट संचालित सबै योजनाहरु तोकिएकै समयमा सम्पन्न गर्नु पर्नेमा निर्माणधिन सेती लोकमार्ग मंगलसेन जोड्ने चित्रे बुढीगंगा पुलको लागत रु.६ करोड ३६ लाख रहेको १०० मिटर लामो पुलको २०७०।४।१२३ मा एक निर्माण व्यवसायीसंग रु.५ करोड ४१ लाख १४ हजारमा सम्झौता भएको थियो । २०७२।२।१३ सम्म सम्पन्न गर्नुपर्ने पुलको २०७३ आषाढ मसान्तसम्म रु.२ करोड ३१ लाख ९४ हजार खर्च भएको र ठेक्काको म्याद समाप्त भईसकेको छ । पुल निर्माण स्थलको अवस्था २०७३।१०।२१ मा भ्रमण गर्दा ३ पियर र २ एबुटमेन्ट मध्ये राईट एबुटमेन्ट र १ पियर मात्र तयार भई पुल अलपत्र अबस्थामा रहेको छ । सो को व्यहोरा छवि चित्रबाट देखिन्छ ।

समितिले २०७१।०७२ मा ठेक्का व्यबस्था गरेको विरावगर कैलाशखोला पक्कि पुलको लागत रु.५ करोड ४१ लाख १३ हजार मध्ये यो बर्षसम्म रु.२ करोड ७५ लाख ८७ हजार भूक्तानी भएकोमा म्याद समाप्त भईसकेको र आयोजना अधुरै रहेको छ । समयमा नै योजना सम्पन्न गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

७. **योजना छनौट** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ११ मा आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट जिल्ला विकास समितिले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैनन् भन्ने व्यवस्था छ । जिल्ला विकास समितले परिषदबाट शुरुमा बजेट अनुमान गर्दा समेत रु.५ लाख घटीका ८ कार्यक्रमको १५० वटा योजना छनौट गरी रु.३ करोड ६१ लाख वजेट विनियोजन गरेको छ । कार्यविधिको विपरित योजना छनौटगर्नेकार्य नियन्त्रण हुनु पर्दछ ।

८. **लेखा परिक्षण** : स्थानीय स्वायत्त शासन ऐन २०५५बमोजिम स्थानीय निकायको २०७२।०७३ को ५६ गाउ विकास समितिको लेखा परीक्षण गर्न ६ लेखा परीक्षक नियुक्त गरी ०७३/०९/०३ देखी २ महिनाको समय दिएको पाइयो । सो मध्ये

कुस्कोट गाउ विकास समितिको मात्र २०७३/०९/१५ मा रिपोर्ट प्राप्त भई रु.६८ लाख ८८ हजारको आर्थिक कारोबारको लेखा परीक्षण सम्पन्न भएको छ ।

९. **आन्तरिक लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम आन्तरिक लेखापरीक्षण वाट औल्याइएको बेरुजु अन्तिम लेखा परीक्षण हुनु अगावै असुल फछ्र्यौट हुनुपर्ने व्यवस्था रहेको छ । आन्तरिक लेखापरीक्षणले पेश्की लिई फछ्र्यौट गरेकोमा स्थान र समय नखुलेको, सहभागीहरुले बुझेको सक्कल भरपाई पेश नभएको, सर्भे प्रतिवेदन ड्रइङ्ग,डिजाइन संलग्न नभएको, अग्रीमकर कट्टि नगरेको जस्ता बेरुजु औल्याएको रु ५ लाख ८७ हजार असुल फछ्र्यौट गरेको छैन ।

१०. **कन्टिन्जेन्सी खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ बमोजिम जिल्ला विकास समितिबाट संचालन गरीने कार्यक्रमहरुलाई कार्यकुशलता, प्रभावकारीता तथा मितब्ययिताको सिद्धान्त अनुसार सँचालन गर्न पुँजीगत लगानीको समष्टीगत रकमबाट अनुसूची ९ मा उल्लेख भए बमोजिम ख वर्गको जिल्लामा ४ प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने र त्यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार यस वर्ष ९ वटा वजेट उप शिर्षकमा रु ४० लाख कन्टिन्जेन्सी खर्च गरेको छ । आयोजना संचालनमा सहयोग पुऱ्याउन सम्वन्धित क्षेत्रमा खर्च गर्नुपर्नेमा सो विपरीत विविध खर्च र दैनिक भ्रमण भत्ता खर्च आदि जस्ता कार्यालय संचालनमा बढी खर्च लेखेको देखिएको छ ।

११. **तालिम गोष्ठी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै तालिम सञ्चालन गर्नु पर्दा सोको लागत अनुमान तयार गरी कार्य सम्पन्न भए पछि विल भरपाई सहितको खर्च देखिने प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । ग्रामिण जलश्रोत व्यवस्थापन कार्यक्रम, जलवायु परिवर्तन, बहु क्षेत्रीय पोषण कार्याक्रममा तालिम, गोष्ठी संचालन गरेकोमा निम्न व्यहोरा देखियो ।

- तालिम गोष्ठी सञ्चालन गर्दा सोको उद्देश्य, प्रशिक्षणको विषय र प्रशिक्षक तथा समय स्पष्ट रुपमा उल्लेख गरेको पाइएन
- नर्म्स अनुसार खर्च हुने विषय र अनुमानित खर्च सहित तालिम संचालन कार्ययोजना स्वीकृत गरेको पाइएन
- खर्च विवरण, विल भरपाईको कुल संख्या र रकम देखिने श्रेष्ता जिम्मेवार व्यक्तिवाट प्रमाणित गरेको पाइएन
- तालिम, उद्देश्य, सहभागी संख्या, प्राप्त उपलव्धि र समस्या सहितको प्रतिवेदन तयार गरेको पाइएन

१२. **परिमाण नियन्त्रण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१८ मा आफ्नो क्षेत्रभित्रका नदी, नालाको बालुवा, गिट्टी, ढुगा आदि बिक्री गर्न सक्ने व्यवस्था छ । यस वर्ष पनि परिमाण नियन्त्रण नगरी ढुगा, बालुवा, गिट्टी, ग्राभेल आदिको ३ वटा ठेक्काबाट रु.२१ लाख ४१ हजार असुल गरेको छ । परिमाण यकिन नगरींदा प्राकृतिक स्रोत सम्पदाको अत्यधिक दोहन भई वातावरणमा नकारात्मक असर पर्नुका साथै जिल्ला विकास समितिलाई प्राप्त हुनुपर्ने आम्दानीमा समेत असर परेको

छ। निकासी परिमाण नियन्त्रण गरेर मात्र आफ्नो क्षेत्र अन्तर्गतका प्राकृतिक स्रोत बिक्रीको व्यवस्था मिलाउनु पर्दछ।

१३. **करारमा कर्मचारी नियुक्ति :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा रिक्त रहेको कुनै पद सिर्जना वा रिक्त रहेको १ वर्षसम्म पदपूर्ति नभएमा स्वतः खारेज हुने व्यवस्था छ। कार्यालयले १ वर्षभन्दा बढी रिक्त रहेको १० पदहरुमा करारमा नियुक्ति गरी तलब भत्तामा रु १६ लाख ८ हजार खर्च गरेको छ। आबश्यकता बाहेक करारमा कर्मचारी नियुक्ती गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१४. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २० मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रथम चौमासिक अवधिभित्र कुनै ठेक्का व्यवस्थापन गरेको देखिएन। कानुनको परिपालन गरी ठेक्का व्यबस्थापन गर्नुपर्दछ।

१५. **मानव संशाधन विकास कोष** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४६ अनुसार कुनै पनि रकम खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यबस्था छ। यस वर्ष उक्त कोषबाट गाउँ विकास समितिका सचिवहरुलाई ३५ दिने सेवाकालीन तालिम संचालनका लागि रु.२ लाख ५० हजार अनुदान निकासा गरेको छ। यसरी गरीएको खर्च कार्ययोजना सहित नियमित हुनपर्दछ।

१६. **ग्रामिण पहुँच कार्यक्रम :** सार्वजनिक खरिद नियमावलीको नियम १२० मा सम्झौता अवधिमा काबु बाहिरको परिस्थितिले कार्य पूरा नभएको जाँच बुझ गरी म्याद थप दिन सकिने व्यबस्था छ। म्याद थप नभएको अवस्थामा वा समयमा कार्य सम्पन्न नगर्दा सम्झौता रकमको ०.०५ प्रतिशत हर्जना असुल गर्नु पर्नेमा गैरीटाँढ-कमलवजार-तुर्माखाँद-जंगलघाट र कमलवजार-ढाँकु-डुंगाला सडक निर्माणकोलागि १ निर्माण व्यबसायी संग २०७२/६/८ मा कार्य सम्पन्न गर्ने गरी रु.८२ लाख ८८ हजारमा सम्झौता गरेको र पटक पटकको म्याद थपबाट ०७३ बैशाख मसान्तसम्ममा कार्य सम्पन्न गर्नुपर्नेमा २०७३/७/२८ मा सम्पन्न गरेकोमा मनासिव कारण सहित म्याद थप नगरेकोले सम्झौता अंकको १० प्रतिशतले रु ७ लाख ३३ हजार असुल गर्नुपर्दछ।

ढगनेटा हिच्मा सडक निर्माणको १ निर्माण व्यवसायी संग २०७२/६/२२ मा कार्य सम्पन्न गर्ने गरी २०७२/२/६ मा रु.३२ लाख १० हजार को सम्झौता गरेकोमा २०७२/१२/३ मा कार्य सम्पन्न गरेकोले(१ महिना म्याद थप)१५१ दिनको (विजक नम्बर २/२०७२/१२/३ अनुसार) पूर्व निर्धारित क्षतिपूर्ति रु.२ लाख ४२ हजारअसुल गरेको छैन ।

निमार्ण व्यवसायीको विजक अनुसार रु.१० हजार मात्र मुल्य अभिवृद्धि कर दावी गरेको अवस्थामा रु.१ लाख ३ हजार भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु.९३ हजार सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश हुनपर्ने अन्यथा असुल हुनु पर्दछ।

१७. **झोलुगें पुल** : खैराना भेल्तडी झोलुङ्गे पुल उपभोक्ता समिति सँग ०७१/११/५ मा कार्य सम्पन्न गर्ने गरी २०७०/११/१ मा रु.८० लाख ८७ हजार को लागत

मध्ये रु.३८ लाख यस कार्यक्रमबाट भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा गत विगत वर्षमा कति काम भई कति रकम भुक्तानी गरेको थियो विवरण तथा नापी किताव पेश भएन । यस वर्षको दोस्रो रनिङ्ग विलमा ठेक्का सम्बन्धी विवरण उल्लेख नगरी रु.४३ लाख १ हजारको काम भएको भनी पहिलो किस्ता कट्टा गरी खुद भुक्तानी हुने रु.७ लाख ९० हजार उल्लेख गरेकोमा जिल्ला विकास समिति अनुदान रु.२ लाख ४३ हजार समेत जोडी रु.१० लाख ३२ हजार भुक्तानी गरेको छ । जिल्ला विकास समिति कोषबाट भुक्तानी हुनपर्ने रकम समेत यस बाट भुक्तानी भएकोले रु.२ लाख ४३ हजार सोधभर्ना प्राप्त हुनपर्दछ ।

उपभोक्ता समिति मार्फत हुने कार्यमा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका २०६६ बमोजिम २ प्रतिशत जनश्रमदानको हिस्सा हुनु पर्नेमा यस वर्ष पुलको कुल काम ४३ लाख १ हजारको २ प्रतिशतले हुने रु.८६ हजार वरावरको जनश्रमदान हुनुपर्नेमा रु.३८ हजार मात्र कट्टा गरेकोले रु.४८ हजारघटी जनश्रमदान गरेको देखियो ।

१८. **हर्जाना :** पुजीगत कोषखाताबाट सापटी लिएको रकम रु.२ लाख ३१ हजार सोधभर्ना फिर्ता हुनु पर्दछ । सडक मर्मत गर्ने कार्यको ठेक्का सम्झौता अनुसार ०७२/३/२० मा कार्य सम्पन्न गरी सक्नु पर्ने विभिन्न सडक निर्माण कार्यको ६ निर्माण व्यवसायीहरुलाई म्याद थप समेत नगरी ०७२/६/१० मा रकम भुक्तानी गरेकोमा ठेक्का अंकको ०.०५ प्रतिशत हर्जना ९० दिनको रु.१ लाख १७ हजार असुल हुनु पर्दछ ।

१९. **भुक्तानीमा कर :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा तोकिए बमोजिम भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यबस्था छ । कार्यालयले २ व्यक्तिबाट घटी कर कट्टी गरेको रु.११ हजार असुल गरेको छैन ।सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई संलग्न गर्नु पर्दछ । कार्यालयले ५६ वटा गाउ विकास समितिलाई प्रति गाउ विकास समिति रु.४६००।- का दरले रु.२ लाख ५८ हजार वालमैत्री स्थानीय शासन अन्तर्गत वाल क्लवको मासिक बैठक तथा क्षमता विकास वापत खर्च गर्ने गरी बैंक खातामा निकासा गरेको छ । सो रकम सोही प्रयोजनमा खर्च भएको विल भरपाई र अनुगमन मूल्याङ्कन प्रतिवेदन समेत पेश हुनुपर्दछ ।

२०. **आन्तरिक स्रोत (प्रशासनिक खर्च) :** यस वर्ष आन्तरिक स्रोत प्रशासनिक खर्च शिर्षकमा रु.२२ लाख २६ हजार निकासा लिई पुरै रकम खर्च गरेकोमा कानुनी परामर्श बापत १ अधिवक्तासँग ०७३/१/२२ मा गरेको सम्झौता वमोजिम रु.३० हजार परामर्श सेवाबार्ट भुक्तानी गर्दा करकट्टी नगरेकोले अग्रिम कर रु.४५००।०० असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२१. **आन्तरिक स्रोत (पुजीगत खर्च)** :कार्यालयले एक गेष्ट हाउसको खाना खाजा विल वापतको रु.६५ हजार खर्च भुक्तानी गरेको छ । पुजीगत शिर्षक कार्यक्रम बाट यस्ता खर्चहरु गर्न नियन्त्रण गर्नु पर्ने देखिन्छ ।

२२. **नापी किताव बेगर भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावको आधारमा अन्तिम विल भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले पर्यटन वोर्ड तर्फ संचालन गरेका ३ योजना (

रामारोशन पदमार्ग सुधारको रु १० लाख, पर्यटनमार्ग वर्दादेवी खण्डको सडक निर्माणको रु.९ लाख ६० हजार र तितौडा त्रिपुरासुन्दरी मन्दिर परिसर पुर्वाधार निर्माणको रु.१ लाख ४२ हजार ५००) को नापी किताव बेगर भुक्तानी गरेको देखियो । अतः नियमानुसार रु २१ लाख ३ हजारको नापी किताव पेश हुनुपर्दछ ।

२३. **संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष :** क्रिकेट प्रतियोगिता संचालन गर्दा रु.६८४००। खर्च लेख्नुपर्नेमा ७००००। खर्च लेखेको देखिएकोले बढी खर्च लेखेकोरु.१६००। असुल गर्नु पर्ने, २०७२/९/१ मा भएको लेखा व्यबस्थापन तालिममा सहभागीहरुले भत्ता वापतको रकम रु.५१००।०० नवुझेको अवस्थामा समेत खर्च लेखेको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने, २०७२/९/३ मा स्थानीयस्तरको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा युवाहरुको भूमिका विषयक अनुशिक्षण कार्यक्रमका सहभागीहरुले भत्ता वापतको रकम रु.१४०५०।०० नवुझेको अवस्थामा समेत खर्च लेखेको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने, कार्यालयले एक स्टेशनरीबाट खरिद गरेको २ थान र्याकेटको रु.१५०००।- को जिन्सी मालसामन र कम्प्युटर सेट जिल्ला युवा सञ्जाल अछामलाई खरिद गरी रु.४१५००।- एक सप्लायर्सलाई भुक्तानी दिएकोमा जिन्सी खातामा आम्दानी बाँधी दाखिला गरेको छैन । साथै उक्त सामानलाई हस्तान्तरण गरेको प्रमाण पेश हुन आएन ।

२४. **राजस्व :** राजस्व लेखा निर्देशिका २०६४ अनुसार राजस्वको श्रेस्ता राख्दा नगदी रसिद लगायतका फारामहरु प्रयोग गरी स्रेस्ता अद्यावधिक गरी राख्नु पर्दछ । कार्यालयले नगदी रसिद, संचित कोष दाखिलाको अभिलेख राखे पनि नगदी रसिद नम्बरलाई सिलसिलेवार खातामा अभिलेख राखेको छैन । नमूना छनौटका आधारमा परीक्षण गर्दा विभिन्न रसिदबाट असुल गरेको मध्ये रु.६२०० दाखिला नगरेकोले असुल उपर हुनु पर्दछ ।

२५. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर समायोजन गरेको चुक्ता प्रमाण पेश गर्नु पर्नेछ । कार्यालयले २ निर्माण व्यवसायीलाई रु.३ लाख ७० हजार धरौटी फिर्ता गर्दा करचुक्ता प्रमाण पेश गरेको छैन । त्यस्तै घरभाडामा मिलान गर्ने गरी २ व्यक्तिलाई रु.२३ हजार फिर्ता गरेकोमा भाडामा मिलान गरेको प्रमाण पेश गरेको छैन ।

२६. **आषाढ महिनाको खर्च :** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन तथा कार्यक्रम स्वीकृत भएकोमा कार्यालयको बिभिन्न पूजीगत तथा कार्यक्रमगत ३० बटा वजेट उप शिर्षकमा बार्षिक खर्च रु.६६ करोड ३६ लाख ९९ हजार मध्ये तेस्रो चौमासिक र आषाढ महिनामा क्रमशः ५४.०९ र १७ प्रतिशत खर्च गरेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश खर्च भएको सम्बन्धमा बजेट खर्च गर्ने अख्तियारी ढिलो प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले बढी खर्च भएको कार्यालयले जनाएको छ ।

२७. **अग्रीम कर :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा कुनै पनि मालसामान र सेवा खरिदमा अग्रिम करकट्टी गर्नुपर्ने व्यबस्था छ । कार्यालयले ५ उपभोक्ता समितिलाई सिंचाई कुलो निर्माण तथा खानेपानी योजना संचालन गर्नका लागि

अनुदान उपलव्ध गराएकोमा निर्माण सामग्री खरिद गर्दा ढुवानी तथा अग्रिम करकट्टी गरेको देखिएन । अतः करकट्टी नगरीएको रकम रु.१२ हजार असुल गर्नुपर्दछ ।

२८. **फरक शिर्षकमा खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ अनुसार स्वीकृत वजेट भित्र सम्बन्धित खर्च शिर्षकमा रहेर खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले ४ खर्च शीर्षकमा सो विपरित रु.२ लाख २ हजार खर्च गरेकोछ ।

२९. **भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा हवाइ यातायातको सुविधा लिने पदाधिकारी वा कर्मचारीले हवाइ टिकट पेश गरेमा मात्र सो वापतको रकम भुक्तानी दिने व्यवस्था छ । कार्यालयले १ कर्मचारीलाई हवाइ यातायात खर्चको सुविधा प्रदान गरी नेपालगञ्ज काठमाण्डौं उडान नं.४५२ को टिकट वाफत रु.६५०५।०० भुक्तानी गरेकोमा टिकट साथ वोर्डिङ पास संलग्न नगरेकोले वोर्डिङ पास पेश हुनु पर्ने अन्यथा सम्बन्धित वाट असुल गरी राजस्व दाखीला हुनु पर्दछ ।

३०. **अग्रिम कर** : दुई आर्थिक केन्द्र जोड्ने सडकहरुमा विनियोजन गरेको रु.१ करोड ९५ लाख ८ हजार वजेट मध्ये २०७३/३/२८ गते ९५ लाख वजेट थप भएको अख्तियारी प्राप्त भएको छ । सो कार्यक्रमहरु अधिकांश उपभोक्ता समितिहरुले डोजरको प्रयोग गरी नयाँ ट्रयाक खोलेको देखियो । उपभोक्ता ले डोजर कम्पनीको भरपाईको आधारमा १.५ प्रतिशत अग्रिम कर कट्टी गरेका छन । विजक पेश नभएको अबस्थामा १० प्रतिशत बहाल कर असुल गर्नुपर्दछ ।

३१. **उपभोक्ताहरुलाई बढी भुक्तानी** : कार्यालयले विभिन्न उपभोक्ता समितिहरुद्धारा गरेको कार्यको दर विश्लेषण गरी लागत अनुमान तयार गर्दा डिजेल प्रति लिटर रु.११५। कायम गरी डोजरबाट माटो खन्ने कामको लागत अनुमान तयार गरेको देखियो । स्थानीय पेट्रोल पम्पमै प्रति लिटर मूल्य अभिबृद्धि कर सहित ८८।७० रुपैयाँमा डिजेल उपलब्ध हुँदाहुदै बढी दररेट राखी लागत अनुमान तयार गरी कार्य सम्पन्न हुँदा २२ उपभोक्ता समितिहरुलाई ३ माटोको प्रकार अनुसार बढी भुक्तानी भएको हुँदा सम्बन्धित उपभोक्ता समितिहरुबाट बढी भुक्तानी रकम रु ७ लाख ७२ हजार असुल गनुपर्ने देखिन्छ ।

३२. **निर्माण सामग्रीको प्रयोग** : योजनाको लागि खरिद गरीएका निर्माण सामग्रीहरु तोकिएको कार्यमा प्रयोग गरीएको नापी सहितको प्राविधिक मूल्याङ्कन तयार गरीनु पर्दछ ।१० उपभोक्ता समितिले ३ फर्महरुबाट विभिन्न निर्माण सामग्रीहरु खरिद गरी कार्यालयले उपभोक्ताहरुको नाममा रु.४६ लाख ३७ हजार भुक्तानी गरेकोमा उक्त सामग्री योजनामा प्रयोग भएको नापी किताब र प्राविधिक मूल्याङ्कन पेश भएको छैन । उक्त योजना क्रमागत रहेको हुँदा प्रयोगमा ल्याउनु पर्नेमा लेखापरीक्षण अवधि २०७३/१०/१२ सम्म पनि प्रयोग भएको प्रमाण पेश भएको छैन । उक्त सामान प्रयोग गरीएको प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्ने देखिन्छ ।

३३. **अग्रिम कर** : आयकर ऐन को दफा ८८ र ८९ अनुसार कुनै पनि मालसामान वा सेवा खरिदमा १.५ प्रतिशत अग्रिम करकट्टि गर्नुपर्ने साथै भाडा भुक्तानी गर्दा १० प्रतिशत ढुवानी कर कट्टि गर्नुपर्ने व्यबस्था रहेको छ । ५ उपभोक्ता समितिहरुले ३ फर्महरुबाट खरिद गरीएका सामानको अग्रिम कर तथा सामान ढुवानी भुक्तानी गरेको भाडामा भाडा करकट्टि नगरेकोले सम्बन्धित फर्महरुबाट अग्रिम कर तथा

भाडाकर रु.४३ हजार असुल गरी राजस्व दाखिला हुनुपर्ने देखिन्छ ।यस आयोजना अन्तर्गत अधिकांस योजनाहरु २०७२ चैत्र महिनामा सम्झौता भई २०७३ चैत्र मसान्त सम्म सम्पन्न हुनेगरी उपभोक्ता समिति र कार्यालय विच सम्झौता भएको छ । उपभोक्तालाई पहिलो चरणको पेश्की दिई पहिलो किस्ताको भुक्तानी गर्दा उपभोक्ताले जनश्रमदान गर्नुपर्ने २० प्रतिशत भन्दा बढी (सम्झौता भए अनुसार) रकम श्रमदान गरेको छैन ।

३४. **अनुपातिक कट्टि :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा सम्झौता अनुसारको योगदान भन्दा कम काम भएमा कार्यालयले दिने रकममा समेत अनुपातिक हिसाबबाट कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यबस्था छ । यो वर्ष कार्यालयले लेखा परीक्षण छनौटमा परेका ४ उपभोक्ता समितिलाई खुद काम गरेको अनुपात भन्दा रु.१ लाख ६७ हजार बढी भुक्तानी दिएको छ ।

३५. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२१ मा बोलपत्रदाताको ढिलाईको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशत मा नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यबस्था छ । बुढाबगर-बाब्ला-खप्तड-पहुँच मार्ग सडक निर्माण कार्य गर्दा कार्यालय र वोलपत्रदाता वीच भएको सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न पनि नभएको म्याद थप पनि नभएको अबस्थामा ढिला गरेको समयको पूर्व निर्धारित क्षतिपुर्ति रु.७ लाख ५७ हजार असुल गर्नुपर्दछ ।

३६. **मुल्य अभिवृद्धि कर :** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा समयमा जानकारी नदिएकोले एक निर्माण व्यवसायीले आय विवरण समेत खुल्ने गरी मूल्य अभिबृद्धि कररु.७ लाख ५३ हजार समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

३७. **विजकको ढाँचा :** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा रितपूर्वक कर विजक दिनुपर्ने व्यबस्था छ । ११ फर्महरुलाई ९ खरिद र २ निर्माण कामको रकम भुक्तानी गर्दा कैफियत देखिएको विजक पेश गरेकोले आय विवरण समेत खुल्ने गरी मुल्य अभिवृद्धि कर रु.७ लाख ९६ हजार समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

३८. **सर्भे खर्च :** कार्यालयले जलवायु परिवर्तन कार्यहरु लागू भएका ८ गाउ विकास समितिहरुको सिंचाई कुलो तथा खानेपानी योजनाहरुको सर्भे कार्य सम्पन्न गरी १ कर्मचारीलाई सिंचाई कुलो योजनाको ५ वटा र खानेपानी योजनाको ७ वटा सर्भे तयार गरेको भनी रु.२ लाख ३ हजार भुक्तानी गरेकोमा कुन-कुन ठाउँको कति सर्भे भयो भन्ने नखुल्नुका साथै कुनै पनि सर्भे रिपोर्ट संलग्न नगरी विभिन्न उपभोक्ता समितिका लागत अनुमान दर विश्लेषण आदि तयार गरेको कागजपत्र संलग्न गरी खर्च गरेको हुँदा उक्त सर्भे रिपोर्ट पेश हुनु पर्दछ ।

३९. **अनुदानको प्रयोग :** यस वर्ष कार्यालयले ६ पटक विभिन्न गाउ विकास समिति तथा नगरपालिकालाई सशर्त अनुदान रकम रु.१ करोड ६७ हजार उपलब्ध गराएकोमा खर्चको साथ विल भरपाई संलग्न नरहेको हुँदा अनुदान गएको रकमको विल भरपाई सहित प्राविधिक प्रतिवेदन पेश हुनु पर्दछ ।

४०. **विल भरपाई :** कार्यालयले दुई वटा संस्थालाई रु.२ लाख ४३ हजार विल वेगर वढी भुक्तानी गरेको रकम असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ ।

४१. **अग्रिम कर :** आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशत कर लाग्ने व्यबस्था छ । कार्यालयले ४ रेडियो तथा एफ.एम.हरुलाई सूचना प्रचार/प्रसार गर्न लगाए वापत भुक्तानी गरेको रकममा अग्रिम करकट्टी नगरेकोले सम्बन्धित रेडियो एफ.एम.वाट अग्रिम कर रु.५८ हजार असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

४२. **बढी भुक्तानी :** अर्थ मन्त्रालयको कार्यक्रम संचालन निर्देशिका २०७० को दफा ७.१.१५ अनुसार सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारीश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यबस्था गरेको छ । कार्यालयले मापदण्ड विपरित तालिम कार्यक्रममा एक प्रशिक्षकलाई १० वटा कक्षा संचालन गरे वापत नर्म्स भन्दा रु.३५७०।- बढी भुक्तानी गरेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

४३. **पारिश्रमिक कर :** तालिममा सहभागी २५ जनालाई खाना खाजा खर्च वापत रु.१ लाख ४० हजार, चिया नास्ता रु १८ हजार र भाडा रु ११ हजार समेत रु १ लाख ६९ हजार नगद भुक्तानी गरेकोमा आयकर ऐन २०५८ वमोजिम १५ प्रतिशत कर कट्टी गर्नु पर्नेमा सो अनुसार कट्टी नगरेकोले सम्वन्धित वाट कर वापतको रकम रु.२५ हजार असुल गरी राजस्व दाखिला हुनु पर्दछ ।

४४. **स्थानीय भत्ता :** अर्थ मन्त्रालयको आर्थिक वर्ष२०७१/७२ को नयाँ तलबमान सुविधा सम्बन्धी परिपत्रमा स्थानीय भत्ता प्रयोजनका लागि अछाम जिल्ला ग वर्गका स्थानीय भत्ता पाउने जिल्लाको श्रेणीमा पर्दछ । यस व्यवस्था अनुसार स्थानीय निकायका कर्मचारीहरुलाई स्थानीय भत्ता भुक्तानी दिन मिल्ने देखिदैन । कार्यालयले सो विपरीत जिल्ला परिषद बाट अनुमोदन गराई स्थानीय भत्ता खर्च लेखेको देखिएकोले १९ कर्मचारीवाट रु १० लाख ७६ हजार असुल गरीनु पर्दछ ।

४५. **रकम ट्रान्सफर :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ४३ अनुसार जिल्ला विकास समितिले जिल्ला विकास अनुदानमा प्राप्त रकम मध्ये आर्थिक वर्षको अन्त्यमा बचत रकम रु.३० लाख कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेमा नगरी कर्मचारी कल्याण कोष खातामा ट्रान्सफर गरेको छ । जिल्ला विकास समितिका स्थायी कर्मचारीहरु सेवा निवृत्त हुँदा नियमानुसार पाउनु पर्ने रकम भुक्तानी गर्न उक्त कोषमा रकम अभाव भएको तथा सेवा निवृत्त कर्मचारीको सेवा सुविधाको दायित्व नेपाल सरकारले व्यहोर्नु पर्ने हुँदा कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको कार्यालयले जनाएको छ । ऐन नियमको पालना नहुँदा आर्थिक अनुशासनमा कमि आउने हुँदा यस्तो कार्यमा नियन्त्रण हुनु पर्ने देखियो ।

४६. **ज्यामी ज्याला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को निमय ४५ मा आय-व्यय ठिक संग भएको छ भन्ने कुरामा विश्वस्त हुन अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले सरकारी रकम निकासा दिन वा खर्च गर्नु पर्दछ । कार्यालयले ज्यामी लगाई जिल्ला विकास समिति हल तथा पुरानो जिल्ला विकास समितिहल सरसफाइ गरे वापत रु.३ लाख ७३ हजार भुक्तानी गरेकोमा यस्तो खर्च मितव्ययी देखिएन ।

४७. **स्थायी लेखा नम्बर** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ मा स्थानीय निकायले रु.५ हजारभन्दा बढीको खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अद्विवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.५ हजारभन्दा बढीको ५ वटा फर्मबाट रु.१० लाख ८८ हजार मूल्यको सामान खरिद गरेको अनियमित देखिएको छ ।

४८. **झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम** : वार्षिक कार्यक्रम अनुसार २३ योजनाको लागि रु.१ करोड २० लाख ३८ हजार वार्षिक वजेट विनियोजन भएकोमा रु.५९ लाख ९६ हजार कार्यालयले खर्च गरेको छ । उपभोक्ता समितिले निर्माण गर्ने झोलुङे पुलका लागि जिल्ला विकास समिति, गाउ विकास समिति, स्वाप कार्यक्रम र हेल्भेटास जस्ता बहु संस्थाको लगानी भएको अबस्थामा सम्पूर्ण संस्थाले लगानी गरेको कूल लगानी तथा खर्च देखिने गरी नापी किताव र कार्य सम्पन्न प्रतिवेदन बनाउनु पर्नेमा नापी किताव र कार्यसम्पन्न प्रतिवेदन तयार नगरेकोले पुलको वास्तविक निर्माण खर्च एकीन भएको छैन । एकिकृत कार्य सम्पन्न प्रतिवेदन र अभिलेख राखी सम्पन्न पुल उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत सम्भार र रेखदेखको कार्य उपभोक्ता मार्फत नै गराउनुपर्दछ ।

४९. **जोखिममा रहेको** : यस वर्ष ८ वटा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक स्टिलपार्टस् खरिद तथा ढुवानीका लागि रु.५८ लाख ६४ हजारको लागत अनुमान तयार गरी वोलपत्र आवह्ान गरेकोमा दुई बोलपत्र दर्ता भएकोमा एउटा प्राविधिक मूल्याङ्कनवाट वाहिरिएकोले एक आपुर्ति कर्तासंग रु.५४ लाख ५२ हजारको २०७३/६/३० मा कार्य सम्पन्न गर्ने गरी २०७३/२/३१ मा सम्झौता गरी २०७३/३/१ मा कार्यादेश दिएको छ । आपूर्तिकर्ताले ०७३/६/२१ मा म्याद थपको लागि निवेदन गरेकोमा कार्यालयमा २०७३/७/७ मा मात्र दर्ता भएको र बैंक ग्यारेण्टी पेश नगरेकाले म्याद थप गर्न नसकिने व्यहोरा २०७३/८/२६ मा कार्यालयले ताकेता पत्र समेत पठाएको छ । लेखा परीक्षण अवधि (२०७३/१०/१२) सम्म सामान आपूर्ति नभएको र म्याद थप समेत नभएकोले पेश्की दिएको रु.४ लाख ८२ हजार जोखिममा रहेको छ ।

५०. **वहु क्षेत्रीय पोषण कार्यक्रम** : एक सप्लायर्सबाट २०७३/३/२२ मा क्यामेरा खरिद गरी रु.८४हजार भुक्तानी गरेकोमा विजक रकम रु.७४हजारमा १.५ प्रतिशत कर रु १११४।५० कट्टि नगरेको र जिल्ला कृषि विकास कार्यालयको नाममा पेश्की फछ्र्यौट गर्दा सो कार्यालयले पेश गरेको भौचरबाट एक कम्प्युटर सेण्टरलाई भुक्तानी भएको रकममा कट्टि गरेको अग्रिम कर रु.२१००।- र बहाल कर रु.१०००।-

समेत बैंक दाखिला गरेको भौचर पेश नभएकाले रु.३१००।०० समेत रु.४,२१४। दाखिला हुनुपर्दछ ।

**५१. संस्कृति प्रवर्द्धन कार्यक्रम** : संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयको अख्तियारी तथा कार्यक्रम अनुसार यस वर्ष १५ वटा धार्मिक सघं-संस्थालाई प्रवर्द्धनको लागि रु.२८ लाख बजेट प्राप्त भएकोमा १३ वटा संस्थाले उपभोक्ता मार्फत कार्य संचालन गरी रु.२४ लाख ७३ हजार खर्च गरेका छन । अख्तियारी साथ प्राप्त मार्गदर्शनको दफा ७ वमोजिम आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सम्बन्धित संस्थासँग वित्तीय एवं भौतिक प्रगति र लेखा परीक्षण प्रतिवेदन लिने व्यबस्था मिलाउनु पर्नेमा लेखा परीक्षण अवधि (२०७३/१०/१२) सम्म कुनै पनि संस्थाबाट प्रगति प्रतिवेदन प्राप्त भएको छैन ।

अख्तियारीको दफा ८ मा २०७२ फागुन मसान्त सम्म काम शुरु नहुने योजनाको रकम फिर्ता पठाउने भन्ने व्यहोरा उल्लेख भएकोमा सो वमोजिम फिर्ता नपठाई ४ आयोजनालाई निर्देशन विपरित सो अवधि पछि रु.५ लाख २८ हजार निकासा गरेकाले नियमित देखिएन ।

**५२. कैलाश खोला सडक पुल** : कैलास खोला सडक पुल निर्माण गर्न एक निर्माण व्यबसायीसँग २०७०/४/१ मा २०७२/१/१५ सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा तोकिएको समयमा कार्य सम्पन्न नभएकोले जिल्ला विकास समितिको पटक-पटकको निर्णयबाट २०७३/६/३० सम्मको म्याद थप गरेको देखिन्छ । भुक्तानी साथ संलग्न ठेक्का विल अनुसार यस वर्ष चौथो रनिङ्ग विलको रकम रु.८७ लाख ९३ हजार भुक्तानी गरेकोमा नापी किताव पेश गरेको छैन । ठेक्का विल अनुसार हाल सम्म रु.२ करोड ७५ लाख ८७ हजारको काम भएको छ । नापी किताव वेगर हालसम्मको खर्च रकम एकीन हुन सकेन । लेखापरीक्षण अवधि ०७३/१०/१२ सम्म पुलको निर्माण कार्य सम्पन्न भएको छैन भने म्याद थप समेत गरेको छैन ।

**५३. बुढीगंगा पुल विरावगर** : बुढीगंगा खोलामा पुल निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७२/१/२४ मा सम्झौता गरी २०७४/१/२४ सम्म कार्य सम्पन्न गर्न आदेश दिएकोमा प्रथम रनिङ्ग वील वापत विजक नं. १-०७३/३/०७ (हस्त लिखित् विजक बाट) २०७३/३/७ मा रु.४२ लाख ५५ हजार भुक्तानी गरेको छ । भुक्तानी संग सम्बन्धित ठेक्का विलमा विमा वापत रु.८ लाख ९३ हजार खर्च लेखेकोमा वीमा गरेको पुष्टी हुने कागजात प्रमाण पेश भएन ।

**५४. बढी निकासा** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिअनुसार अघिल्लो वर्ष अद्यावधिक गरीएको मुल अभिलेखमा समावेश भएको संख्याको आधारमा निकासा दिनुपर्छ ।यस वर्षका लागि पञ्जीकरण विभागले ३४६५५ लाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न पठाएको छ । प्रगति बिबरणको आधारमा पेश्की उपलब्ध गराउनु पर्नेमा सो अनुरुप प्रगति विवरण लिएको देखिएन। कार्यालयले उक्त संख्याको आधारमा भत्ता वितरण नगरी गाउ विकास समितिबाट माग भएको संख्याको आधारमा ४६८८३ कोलागि निकासा गर्दा वढी निकासा गरेको पाइयो । छनौट गरी परिक्षण गरेको दुनी र कालिकास्थान २ गाउ विकास समितिमा रु.३ लाख ३५ हजार बढी निकासा दिएको छ ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जिल्लाले गाउ विकास समिति मार्फत वितरण गरेको रु.२२ करोड ७२ लाख ७१ हजार मध्ये दुनी गाउ विकास समितिमा गएको रु.२२ लाख ४ हजार र कालिकास्थान गाउ विकास समितिमा गएको रु.३६ लाख २० हजार वितरण फाँटबारी हेर्दा रु.१८ हजार को फाटवारी नपुग भएकोले बढी निकासा रकम असुल हुनु पर्दछ ।

५५. **नपुग कर :** आयकर ऐन, २०५८ अनुसार डोजर भाडामा लिए वापत १० प्रतिशत वाहाल कर कट्टी गर्नुपर्ने व्यबस्था रहेको छ। उपभोक्ताद्वारा संचालित क्रियाकलापमा डोजर प्रयोग गरे वापत कम्पनीको भरपाईको आधारमा १.५ प्रतिशत अग्रिम कर कट्टी गरेका छन । विजक पेश नभएको अबस्थामा १० प्रतिशत बहाल कर असुल गराउनु पर्नेमा डोजर प्रयोग गरे वापत भूक्तानी गरेको रकममा घटी कर कट्टी गरेकोले दुई योजनाको रु.३ लाख १ हजार सम्वन्धितबाट असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

५६. **बेरितको कर विजक :** कार्यालयले विभिन्न योजनाको रकम भुक्तानी गर्दा कर विजक सहितको विजकबाट भुक्तानी गर्नु पर्नेमा विजक नम्बर बेगरको तथा हस्त लिखित विलबाट मूल्य अभिबृद्धि कर भुक्तानी गरेकोले पाच योजनामा जारी भएका दुई व्यवसायीको विजकमा कैफियत देखिएकोले मूल्य अभिबृद्धि कर रकमरु.५ लाख कर कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

५७. **अधुरो निर्माण कार्य :** भारत सरकारको सहयोगमा जिल्ला विकास समिति मार्फत निर्माण सम्पन्न हुने महेन्द्र माध्यामिक विद्यालय वयलपाटाको निर्माण कार्यमा यो वर्ष रु.५१ लाख ९९ हजार खर्च भएको छ । लागत अनुमान रु.३ करोड ११ लाख ६६ हजार रहेको यो निर्माण कार्य २०७१।४।६ सम्ममा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०६९।१०।२ मा रु.३ करोड ५२ लाख १८ हजार को संभ्कौता भएकोमा गत वर्षसम्म निर्माण व्यवसायीलाई रु.१ करोड ९९ लाख २८ हजार भूक्तानी भएको देखिन्छ । निर्माण व्यवसायीको निवेदन अनुसार २०७२/१२/३० सम्म म्याद थप भएको देखिन्छ । चौथो रनिङ्ग विल सम्म रु.२ करोड ५१ लाख २७ हजार खर्च भएको छ । हाल काम सुचारु नभएकोले ठेक्का संभ्कौताको शर्त अनुसार निर्माण कार्य सम्पन्न गराउनु पर्ने देखिएको छ ।

५८. **पेश्की** : ९ कार्यक्रम तर्फ विभिन्न १३ व्यक्ति, संस्था र निकायको नाममा दिएको पेश्की रु ७७ लाख ८६ हजार आर्थिक वर्षको अन्त्यमा पनि फछ्र्यौट भएको नदेखिएकाले स्थानीय प्रशासन आर्थिक नियमावली, २०६४ अनुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

५९. **सम्परीक्षण :** खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको रु.१९ लाख पेश्की फछ्यौंट गर्दा विभिन्न ४ साइजका पाइप खरिद र ५१ आइटम फिटिङ्गका सामान खरिद गरी भुक्तानी गरको रु.५ लाख ९६ हजारका सामानहरु कुन आयोजनामा प्रयोग गरीयो नापी कितावहरु तथा साइड रजिष्टर पेश भएन । महिला तथा वालवालीका कार्यालयको रु.१४ लाख २५ हजार पेश्की फछ्यौट गर्दा ७ दिन सम्मगाडी भाडामा लिई अनुगमनमा गएको भनी रु.२० हजार खर्चलेखेकोमा भाडाकर रु.२ हजार कट्टी गरेको छैन। समाजिक सुरक्षा भत्ता रु.४ करोड १० लाख ७९ हजार सम्परिक्षण गर्दा दुनी गाउ विकास समितिको नियम विपरित भुक्तानी

रु.६२०० र मलातीकोट गाउ विकास समितिको रु.४०० समेत रु.६६००।०० असुल गनुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा नियन्त्रण व्यवस्थाको मूल्यांकन सूचीको माध्यमवाट नमूनाको आधारमा परिक्षण गर्दा जिन्सी खाता अद्यावधिक र प्रमाणित नगरेको, पुराना सामानहरूको मुल्य नखुलाएको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत तथा लिलाम बिक्री नगरेको, भ्रमण अभिलेख नराखेको, विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी मिलान कार्य नभएको,७ वटा वजेट उपशिर्षकको अख्तियारीहरु ढिलो गरी पठाएकोले अधिकांश कारोवार अन्तिम चौमासिक अवधिमा हुन गएको,तालिम, सेमिनार, गोष्ठी,कार्यशाला सञ्चालन गर्नु पर्दा सोको कार्यक्रम तथा लागत अनुमान स्वीकृत नगराएको तालिमतर्फ कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको,राजस्व निर्देशिका २०६४ ले तोके अनुसार विभिन्न फारमहरु अद्यावधिक गरी नराखेको, समिति तर्फको आम्दानीको रसिद १०८ मा पोष्टिङ गर्ने नगरेकोजस्ता अवस्था देखिएको छ । ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

२. **लेखापरीक्षण अभिलेख** : शिक्षा नियमावली, २०५९ को नियम १७१ र १७२ बमोजिम सामुदायिक विद्यालयहरूले लेखापरीक्षण प्रतिवेदन र वासलात नियमितरुपमा जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस जिल्लाका माध्यामिक, निम्न माध्यामिक र प्राथमिक विद्यालय गरी ४९२ मध्ये ४७८ विद्यालयको लेखापरीक्षण सम्पन्न भइ प्रतिवेदन प्राप्त भएको छ । बाँकी १४ विद्यालयको लेखापरीक्षण भएको देखिएन ।लेखापरीक्षण नभएका १४ वटा विद्यालयको लेखापरीक्षण नभए सम्मकोलागि खाता रोक्का राखिएको भनाई कार्यालयको रहेको छ ।

३. **चौमासिक खर्च** : यस वर्ष १६ वजेट उपशिर्षकमा कुल बजेट खर्च रु.१ अर्व ३ करोड १९ लाख ६९ हजार मध्ये पहिलो चौमासिकमा ३०.६३ प्रतिशत, दोस्रोमा ३२.१७ प्रतिशत र तेस्रोमा ३७.२ प्रतिशत, तथा २०७३ आषाढ महिनामा ३३ प्रतिशत खर्च गरेको देखियो । स्वीकृत चौमासिक लक्ष्य बमोजिम कार्यक्रम संचालन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

४. **करारमा नियुक्ति** : कार्यालयले १ वर्षभन्दा बढी रिक्त रहेको पदहरुमा प्रतिस्पर्धात्मक तवरले सूचना प्रकाशन गरी व्यक्तिगत आधारमा ५ र आवश्यकता अनुसार सोभै विगतमा कार्यरत २ कर्मचारी समेत ७ जना कर्मचारी करारमा नियुक्ति गरी तलब भत्तामा रु.११ लाख ३४ हजार खर्च गरेको छ । नियमानुसार कार्यालयले पदपुर्ति गर्न पहल गर्नु पर्दछ ।

५. **लक्ष्य प्रगति** : कार्यालयले यस वर्ष ९२ कार्यक्रम संचालन गरी रु.३४ करोड ९ लाख ३३ हजार खर्च गर्दा २ कार्यक्रममा शुन्य प्रगति, १ कार्यक्रममा २५ प्रतिशत

सम्म, ४ कार्यक्रममा ५० प्रतिशत सम्म र १ कार्यक्रममा ७५ प्रतिशत सम्म मात्र प्रगति हासिल गरेको छ ।

६. **संचालन अनुदान :** अनौपचारिक शिक्षा तथा निरन्तर सिकाईतर्फ ४२ सामुदायिक अध्ययन केन्द्रको बैंक खातामा सहजकर्ता परिश्रमीक, कक्षा केन्द्र व्यवस्थापन, पाठ्यपुस्तक, मसलन्द लगायत संचालन अनुदान वापत रु.३४ लाख ६८ हजार निकासा दिएको देखिन्छ । उक्त अनुदान रकम उद्देश्य अनुरुप खर्च भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन । उक्त रकमको प्रगतिको अवस्था सम्वन्धमा अनुगमन गरी मुल्यांकन गर्नु पर्दछ ।

७. **भौतिक निर्माण** : विद्यालय भवन निर्माण, भवन मर्मत, शौचालय निर्माण र वाह्य वातावरण सुधार तथा कक्षा कोठा मर्मत सम्भार कार्यको कार्य सम्पन्न प्रतिवेदन अनुसुचि वमोजिमको ढाचामा तयार गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र जिल्ला शिक्षा अधिकारीबाट समेत प्रमाणित गरी गराई राख्ने व्यवस्था मिलाउनु पर्दछ । यो बर्ष ३१८ विद्यालयलाईरु.१४ करोड ६१ लाख ४५ हजार तीन किस्तामा दिनु पर्नेमा २ किस्तामा अनुदान प्रदान गरेको छ । लेखापरीक्षण अवधी सम्म ५१ विद्यालयबाट कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसारको कार्य सम्पन्न प्रतिवेदन तयार नभएको रु.७ करोड १४ लाखको प्रमाण पेश हुनु पर्दछ ।

८. **सदुपयोग : अ**नुदान रकमको प्रयोग तोकिए बमोजिम गर्नु पर्दछ । विद्यालयलाई गएको भौतिक सुधार निर्माण कार्य अन्तरगत रेट्रोफिटिङ्ग कार्यको लागि जिल्ला शिक्षा समितिबाट निर्णय भई निकासा भएको रकम दुई विद्यालयले बेन्च बनाएको तथा खरिद गरेको बिल भर्पाई राखि कार्य सम्पन्न प्रतिवेदन नापी किताबको आधारमा भुक्तानी गरेको रकम रु.५ लाख बजेट निर्देशिका विपरित भएकाले नियमित मान्न सकिएन ।

९. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६ अनुसार खर्च गर्दा खर्चको बिल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा छनौटमा परेका ३ विद्यालयलाई रु.१ लाखका दरले कम्प्युटर ल्याव व्यवस्थापन वापत शसर्त अनुदान उपलब्ध गराएकोमा ३ वटै विद्यालयले बिल, भर्पाई प्रमाण पेश नगरी खर्च लेखेको, ९ वटा विद्यालयलाई विद्यालय भवन निर्मार्ण तथा मर्मत कार्यका लागि रु.३८ लाख शसर्त अनुदान उपलब्ध गराएकोमा ५ विद्यालयले रु.२८ लाखको बिल भर्पाई  प्रमाण पेश गरेका छैनन। ल्याव सामाग्री तथा कृषि प्रयोगशाला सम्बन्धि सामग्री खरिदका लागि एक विद्यालयलाई शसर्त अनुदान रु.३५ लाख ९४ हजार उपलब्ध गराएकोमा रु.२१ लाख १० हजारको बिल भर्पाई पेश नगरेको, दुई विद्यालयलाई बालमैत्री कक्षाकोठा विकासको लागि रु.८० हजारका दरले उपलब्ध गराएकोमा खर्चको बिल भर्पाई पेश नभएकोले अनुदान रु.१ लाख ६० हजारको प्रयोग सम्बन्धमा खर्चको बिल भर्पाई सहित प्राविधिक प्रतिवेदन पेश हुनुपर्दछ ।

१०. **अनुगमन** : शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिकामा गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि विद्यालय सुधार योजनाको अन्तिमिकरण र अद्यावधिक तथा विद्यालयको लेखा परीक्षण, सामाजिक परीक्षण मार्फत उत्तरदायित्व र पारदर्शिताका लागि कक्षा १-८ संचालन भएको ३९९ विद्यालयलाई प्रति विद्यालय रु.६,५००।- र

१-१२ संचालन भएका ९३ विद्यालयलाई प्रति विद्यालय रु.१०,५००।-का दरले रु.३५ लाख ७० हजार निकासा दिएपछि सो रकमबाट उपरोक्तानुसारको कार्य भयो भएन जिल्ला शिक्षा कार्यालयले अनुगमन मुल्याङ्‌न गरेको छैन । भाद्र मसान्तसम्म विद्यालयबाट सामाजिक परीक्षण लगायतका प्रगति विवरण जिल्ला शिक्षा कार्यालयमा प्राप्त हुनु पर्नेमा लेखापरीक्षण अवधि (२०७३/१०/१६) सम्म केही विद्यालय बाहेक अधिकांश विद्यालयबाट प्राप्त भएको छैन । अनुगमन गरी प्रगति तथा परीक्षण प्रतिवेदन तयार गर्नु पर्दछ ।

११. **विद्यार्थी मुल्याङ्कन :** कक्षा १ लाई आधार मानी प्रति विद्यार्थी रु.९५।- का दरले ४९२ विद्यालयलाई रु.१६ लाख ५९ हजार अनुदान निकासा दिएको छ । कक्षा १ मा अध्ययनरत विद्यार्थीको मुल्याङ्कन अभिलेख फारम विद्यालयले तयार गरे नगरेको सम्बन्धमा स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयले अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन लिएको छैन । अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन लिनु पर्दछ ।

१२. **नपुग कर :** आयकर ऐन, २०५८ अनुसार अग्रीम करकट्टी गर्नुपर्ने व्यवस्था छ । एस.एल.सी. परीक्षा संचालनको लागि एक कर्मचारीले पेश्की लिई फछ्र्यौट गरेकोमा भत्ता भुक्तानी गर्दारु.३ हजार घटी कर कट्टा गरेकोले असुल गरी दाखिला गर्नु पर्दछ ।

१३. **ढुवानी कर :** आयकर ऐन, २०५८ बमोजिम भाडामा ढुवानी उपलब्ध गराए वापत ढुवानीमा १० प्रतिशत कर कट्टी  गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पौष्टिक आहार साँफेबगर मुल गोदामबाट विभिन्न १२ साइड गोदाममा ढुवानी गर्दा १.५ प्रतिशत करकट्टी गरेकोले १२ सेवा केन्द्रहरुलाई वर्षभरी उपलबध गराएको ढुवानी खर्चमा कम करकट्टी गरेकोले नपुग कर रु.३ लाख ९१ हजार सम्बन्धित ढुवानी एवं व्यवस्थापन समितिबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१४. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ बमोजिम खर्च गर्दा खर्चको बिल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले एक कर्मचारीलाई विविध खर्च वापत रु.१० हजार भुक्तानी गरेकोमा संलग्न बिल भर्पाई रु.६ हजारको मात्र रहेकोले बिल भन्दा बढी भुक्तानी भएकोरु.४ हजार सम्बन्धित बाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१५. **खर्च अनुमोदन :** कार्य सञ्चालन कोष नियमावली अनुसार कोषवाट खर्च गर्नका लागि वार्षिक वजेट स्वीकृतीको निर्णय हुनु पर्ने र भएका खर्चहरु अनुमोदन हुनु पर्नेमा जिल्ला शिक्षा समितिको निर्णय एवं खर्च अनुमोदन विना नै खर्च गरेको देखिएकोले रु.१४ लाख ३० हजार खर्च को समर्थन हुनु पर्दछ । समितिवाट खर्च समर्थन गरीने कार्यालयको भनाइ रहेकोछ ।

१६. **बांकी रकम :** आर्थिक वर्षको अन्त्यमा राष्ट्रिय वाणिज्य वैक, अछामको खातामा रु.१ लाख ७३ हजार वाँकी देखिएको छ । उक्त वाँकी रकम अविलम्ब कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला गरी प्रमाण पेश हुनुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय अछाम

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा नियन्त्रण व्यवस्थाको मूल्यांकन सूचीको माध्यमवाट नमूनाको आधारमा परिक्षण गर्दा पुराना मालसमानको मूल्य नखुलेको, भुक्तानी भएका विल भरपाईमा भुक्तानी भएको छाप नलगाईएको, घर जग्गाको लगत व्यवस्थित तरिकाले नराखेको, जिन्सी मालसमानको लिलाम तथा मर्मत नभएको, ल्यापटप जस्ता सामानहरु कर्मचारीलाई दिदँा सहायक रजिष्टरमा नराखेको, खरिद भएका औषधि तथा उपकरण जस्ता जिन्सी सामानको विल विजकमा स्पेशिफिकेशन खुलेको देखिएतापनि जिन्सीमा आम्दानी जनाउंदा सो बमोजिम खुलाइ नजनाएको, मौज्दात रहेको सामान आगामी बर्षको लागि नयां खातामा जिम्मेबारी समेत नसारेको, तालुक कार्यालयले निरीक्षण नगरेको, भ्रमण अभिलेख नराखेको, रसिद नियन्त्रण खाता व्यवस्थित रुपमा नराखेको, उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, बजेट स्वीकृत अनुसार चौमासिकरुपमा खर्च गर्नुपर्नेमा सो नगरी अन्तिम चौमासिकमा बढी खर्च गरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार नगरेको, ४७९ जनाको स्वीकृत दरवन्दी रहेकोमा ३२४ जना पदपुर्ति भई कार्यरत रहेको जस्ता अवस्था देखिएको छ ।

प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

२. **आन्तरिक लेखा परीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम आन्तरिक लेखापरीक्षण वाट औल्याइएको बेरुजु अन्तिम लेखा परीक्षण हुनु अगावै असुल फछ्र्यौट हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक लेखापरीक्षण बाट औल्याएका सम्झौता अनुसारका क्रियाकलापहरु पुरा नगरेको तथा अग्रिम कर कट्टी नगरेको रु.१ हजार बेरुजु असुल फछ्र्यौट गरेको छैन ।

३. **कार्यालय सामग्री** : कार्यालयले यो बर्ष कार्यालय सामग्री ३७०८०४३ शिर्षकबाट रु.३ लाख २४ हजार र ३७००१४३ शिर्षकबाट रु.५ लाखका सामान खरिद मै जिन्सी दाखिला अधिकांश नगरेको, खर्चको प्रमाण बेगर जिन्सीबाट हटाएको तथा आगामी बर्ष २०७३/०७४ को लागि जिम्मेबारी सारेको देखिएन ।गत आर्थिक बर्ष मौज्दात बाँकी देखिएका सामान समेत जिन्सीमा जिम्मेबारी सारेको देखिएन । खरिद भएका सामग्रीहरु खर्च पुष्टि हुने प्रमाण बेगर जिन्सी श्रेस्ताबाट घटाएको तथा हटाइएको सम्बन्धमा रु.८ लाख २४ हजारको आवश्यक छानविन गरी जिन्सी एकिन गर्नुपर्दछ ।

४. **टुक्रा गरी खरिद** : यस वर्ष कार्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ को व्यवस्था विपरित ४ पसलबाट १३ पटक गरी रु.१८ लाख ४६ हजार को औषधि खरिद गरी रकम भुक्तानी गरेको छ । प्रतिस्पर्धा नगरी सोझै खरिद गरेबाट खरिद प्रक्रिया मितव्ययी नहुनाको साथै खरिद ऐन तथा नियमावलीको पालना भएको पाइएन । खरिद कार्यमा सुधार हुनुपर्ने देखियो ।

५. **खोप कार्यक्रम** : खोप कार्यकर्ता ५ करारमा नियुक्ति गरी विभिन्न स्वास्थ्य संस्थामा खटाउने गरी रु.३ लाख ६० हजारको बजेट विनियोजन भै आएकोमा ९ जनालाई नियुक्ती गरी २०७२।०९।१ देखि २०७३ आषाढ मसान्तसम्म मासिक रु.६ हजारका दरले पारिश्रमिक खर्च भुक्तानी गरेको छ । कार्यक्रममा ५ जनालाई नियुक्ति गर्ने भनिएकोमा ४ जना बढी नियुक्ति गरी प्रति महिना रु.२४ हजारले ७ महिनाको रु.१ लाख ६८ हजार अनियमित खर्च गरेको छ ।

६. **ठेक्का वन्दोवस्त** : यस वर्ष कार्यालयले दोस्रो चौमासिकमा औषधि खरिदको लागि सूचना प्रकाशन गरेकोमा १२ वटा बोलपत्र विक्री भई ६ वटा दर्ता भएकोमध्ये बोलपत्र मूल्यांकन समितिको २०७२।९।९ को वैठकबाट छनौटमा परेको एक फार्मेसीलाई ०७२।९।१४ मा बोलपत्र स्वीकृत भएको आशयको पत्र पठाएपछि अर्को डिष्टीव्युर्टसले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेको कारण तत्काल फार्मेसीसंग सम्झौता रोकिएको र ०७२।९।२९ मा जिल्ला प्रशासन कार्यालयको मौखिक आदेश अनुसार सोही फार्मेसीसंग २०७२।१०।१३ मा सम्झौता गरी ३० दिन भित्र १३१ आइटम औषधी तथा उपकरण आपूर्ति गर्न कार्यादेश दिएको छ । आपूर्तकले ०७२।११।४ मा म्याद थपको निवेदन दिएकोमा पत्र दर्ता समेत नगरी ६० दिनको म्याद थप गरेकोमा सो म्याद भित्र समेत औषधि आपूर्ति नगरी २०७३।१।३० मा आपुर्ती गरेको अबस्थामा विना हर्जना रु.४० लाख ८४ हजार भूक्तानी गरेको छ । समयमा कार्यक्रम, स्वीकृती, ठेक्का व्यवस्था गरी समयमा औषधि तथा उपकरण आपूर्ति व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।

७. **आमा सुरक्षा कार्यक्रम** : स्वास्थ्य संस्थाबाट प्रदान गरीने आमा सुरक्षा कार्यक्रमको अनुगमन जिल्ला स्वास्थ्य कार्यालयले गर्ने उल्लेख भएपनि प्राथमिक स्वास्थ्य केन्द, स्वास्थ्य केन्द्र र २ अस्पताल समेत ५८ वर्थिङ सेन्टरमा सामाजिक सुरक्षा अनुदान (आमा सुरक्षा) अन्तरगत  सम्बन्धित सस्थाको लागि फांटवारी पछि पेश गर्ने गरी आमा सुरक्षा वापत रु.१४ लाख ९५ हजार र चार पटक गर्भ परीक्षण वापत रु.२ लाख १९ हजार समेत १७ लाख १४ हजार निकासा दिएको रकमको विल भरपाई फांटवारी पेश हुनुपर्दछ ।

८. **स्थायी लेखा नम्बर** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा रु.५ हजारभन्दा बढीको मालसामान परामर्शसेवा वा अन्य सेवा खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अद्धिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले रु.५ हजार भन्दा बढीको २ वटा फर्मबाट ४ पटक रु.७९ हजार मूल्यको सामान खरिद गरेको अनियमित देखियो ।

९. **कार्यसम्पन्न प्रतिवेदन** : अस्पतालविकास समितिको २०७३।३।२ को निर्णयानुसार अस्पताल हाता भित्र फार्मेसी निर्माण गर्न एक निर्माण सेवासंग रु.२ लाख २ हजारको दर माग गरी कार्यादेश गरी सम्झौता वेगर फार्मेसी निर्माण वापतको प्रिन्टेड विजकबाट रु.१ लाख ९२ हजार भूक्तानी गरेको छ। फार्मेसी निर्माण भएको भनि कार्य सम्पन्न प्रतिवेदन संलग्न गरी नियमित हुनुपर्दछ ।

१०. **अनुदानको प्रमाण** : स्वीकृत बजेट तोकिएको कार्यमा खर्च गरीनु पर्दछ । कार्यालयबाट विभिन्न ७ वटा स्वास्थ्य चौकीमा भौतिक सदुपयोगका लागि प्रति स्वास्थ्य चौकी रु.८५६८०।- का दरले रु.६ लाख अनुदान उपलब्ध गराएकोमा २ वटा स्वास्थ्य चौकीहरुले खर्चका विल भरपाईहरु पेश गरी खर्च लेखेको बाहेक बांकी ५ वटा स्वास्थ्य चौकीले खर्चको फांटवारी पेश गरेको देखिएन । उक्त ५ वटा स्वास्थ्य चौकीहरुबाट भएको खर्च रु.४ लाख २८ हजारको विल भरपाई पेश गर्नुपर्दछ ।

११. **सक्कल फाटबारी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्दछ । कार्यालयले नयां स्वास्थ्यकर्मिका लागि ५ दिन तालिम सञ्चालन गर्न एक कर्मचारीलाई पेश्की दिईएकोमा निजले रु.४ लाख ११ हजारको सक्कल प्रमाण कागजात पेश नगरेकोले गर्नुपर्दछ ।

१२. **नापी किताव** : कार्यालयले अस्पताल भित्र प्रतिक्षालय निर्माण कार्य गर्दा एक निर्माण व्यवसायीलाई रु.१ लाख ३८ हजार र प्रतिक्षालय मर्मत कार्य गराउदा अर्को सप्लायर्सलाई रु.१ लाख ४४ हजार समेत रु.२ लाख ८२ हजार भुक्तानी गर्दा नापी किताब पेश गरेको छैन ।

अस्पताल विकास समितिले एक निर्माण सेवाबाट प्रतिक्षालय निर्माण गरे वापत उक्त फर्मलाई मूल्य अभिबृद्धि कर सहित रु.१ लाख ३८ हजार भूक्तानी गरेकोमा फर्मले विजक जारी नगरेकोले मु अ कर वापतकोरु.१७ हजार सम्वन्धितबाट असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

१३. **आम्दानी दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९अनुसार राजस्व रकम दश हजार रुपैया सम्म नगदै बुझि लिई त्यस्तो राजस्व रकम दैनिक रुपमा बैक खातामा जम्मा गर्नुपर्ने, दैनिक रुपमा बैंकमा दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र त्यस्तो नगद बैंक दाखिला गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले अस्पताल विकास समिति तर्फको एक लेखा सहायकलाई रसिद काट्न जिम्मा लगाएकोमा बर्ष भरीको आम्दानी रु.१५ लाख १९ हजार मध्ये रु.१२ लाख ८२ हजार मात्र बैंक दाखिला गरेको छ । बांकी रकम रु.२ लाख ३७ हजारलेखापरीक्षण अवधि (२०७३।१०।१८) सम्म नगदै बांकी रहेको देखिन्छ । सो रकममा २५ प्रतिशत जरिवाना समेत रु.२ लाख ९६ हजार सम्वन्धितबाट असुल गरी दाखिला हुनुपर्दछ ।

## डिभिजन सडक कार्यालय, साँफेबगर

१. **आर्थिक कारोबारको परीक्षण** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन तथा कार्यक्रम स्वीकृत भएकोमा ३ बजेट उप शीर्षकमा बजेट विनियोजनको तुलनामा ५० प्रतिशत भन्दा कम बजेट खर्च भएको पाइयो । कार्यालयले कूल खर्च गरेको पूँजीगत बजेट रु.६ करोड ५८ लाख १७ हजार मध्ये तेस्रो चौमासिकमा ७६ प्रतिशत र आषाढमा ५८ प्रतिशत खर्च गरेको देखियो । स्वीकृत कार्यक्रम अनुसार कार्य संचालन तथा खर्च व्यवस्थापन गर्नुपर्दछ ।

२.	**आन्तरिक नियन्त्रण प्रणाली** : वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी आर्थिक कार्यविधि नियमावली, २०६४ प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा २ शिर्षकको वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी असार महिनामा प्राप्त भएको, जिन्सी निरीक्षण प्रतिवेदनतयार नगरेको, अनुसूची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार नगरेको, भुक्तानी भएका विल भरपाईहरुमा भुक्तानी भएको छाप नलगाएको, तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि संचालन गर्नुपर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराएको, प्रतिवेदन तयार नगरी तालिम तथा गोष्ठीका लागि रु.१ लाख ५० हजार बजेट खर्च गरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, भ्रमण अभिलेख खाता नराखेको, कार्यालयले धरौटी खाताको व्यक्तिगत विवरणमा मिति उल्लेख नगरी धरौटी बांकी देखाएको, नापी किताव, इष्टिमेट, मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदनमा चेनेज नखुलेको,कार्यको नापजाँच एवं मूल्यांकन गर्दा साइट रजिष्टर र आइटमवाइज रजिष्टरलाई आधारमानी नापी किताव व्यवस्थित नगरेको, डोर हाजिरी फाराम नियन्त्रण खातामा सिलसिलेवार नम्बर कायम गरी नराखेको, निर्माणाधिन र निर्माण सम्पन्न सडक, पुल, कल्भर्ट, रिटेनिङवाल आदिको लगत अद्यावधिक गरी नराखको जस्ता अवस्था देखिएको छ । प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

३.	**लक्ष्यप्रगति** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्नु पर्दछ । कार्यालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन अनुसार सडक तथा ट्राफिक सुरक्षा कार्यक्रमको ट्राफिक चिन्हकार्यमा ३८.७५ प्रतिशत, शहरी सडक कार्यक्रमको खण्डास्मीत सोलिङ कार्यमा ५८ प्रतिशत र रामारोशन शहरी सडक कार्यक्रमको ग्यावियन वाल कार्यमा शुन्ना प्रतिशत प्रगति हासिल भएको देखियो । यसरी न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

४.	**कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुंदै आएको छ। यो वर्ष कार्यालयले रु.६४ लाख ३४ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । जुन सम्बन्धित योजनाहरुको कुल लागत अनुमानको ५.१४ प्रतिशत हुन आउंछ । कन्टिन्जेन्सीबाट चालु प्रकृतिका खर्च समेत हुने गरेको देखियो ।कन्टिन्जेन्सीबाट गरीने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ ।

५.	**नर्म्स विपरित खर्च :** सडक बोर्ड नियमित कार्य संचालन तर्फ २३ प्रतिशत खर्च गर्ने नर्म्स रहेकोमा नर्म्स विपरित सो अनुरुप निर्माण कार्यको लागत अनुमानको

५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी खर्च गरेको छ । यो बर्ष सडक बोर्ड नियमित तर्फ रु.१२ लाख ९० हजार कन्टिन्जेन्सी खर्च लेखेको छ । तोकिएको नर्म्स अनुसार औजार उपकरणमा ९ प्रतिशत, तैल्य पदार्थमा ८ प्रतिशत, औजार मर्मतमा ३ प्रतिशत, तालिममा १.७ प्रतिशत उल्लेख भई आएकोमा नर्म्समा उल्लेख भए विपरित ४ शिर्षकमा नर्म्स भन्दा बढी खर्च लेखेको रु.५ लाख ४८ हजार अनियमित देखियो ।

६. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २० मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रथम चौमासिक अवधिभित्र कुनै ठेक्का व्यवस्थापन गरेको देखिएन ।

७. **त्रुटि सच्याउने अवधि** : ठेक्का सम्झौता अनुसारको काम भएपछि कार्यालयलाई सडक पुल हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म त्रुटी सच्याउने अवधिमा राखी त्यस अवधिमा बिग्रेका काम ठेकेदार मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरीए पनि कार्यालयले त्रुटी सच्याउने अवधि मा रहेका योजनाहरुको विवरण अद्यावधिक अभिलेख राखेको छैन ।

८. **अधुरा योजना** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप तथा नियम ११८ मा भेरिएशन सम्बन्धी व्यवस्था छ । कार्यालयबाट सञ्चालित ठेक्का प्याकेजहरुको लागत अनुमान तयारी तथा स्वीकृत गर्दा सम्बन्धित योजानाको कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय सीमा तोक्ने नगरेको, अधिकांश प्याकेजहरु निर्धारित समय सीमाभित्र सम्पन्न हुन नसकी पटक पटक म्याद थप एवं भेरिएशन आदेश जारी भएर पनि कार्य सम्पन्न हुन नसकी अधुरै अवस्थामा रहेको देखियो । ९ ठेक्का प्याकेजहरुमा शुरु सम्झौता अवधिको ५० प्रतिशतसम्म म्याद थप भएर पनि उक्त ठेक्का कार्यहरु अधुरै अवस्थामा रहेको देखिएका छन् । डोटी डिभिजन कार्यालयबाट हस्तान्तरण भई आएका ठेक्काको विवरण पेश नभएकोले अधुरा योजनाको विश्लेषण गर्न सकिएन ।

९. **पूर्व निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावलीको नियम १२१ मा बोलपत्रदाताको ढिलाईको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यबस्था छ । ५ निर्माण कार्य गर्दा कार्यालय र ४ वोलपत्रदातावीच भएको सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न पनि नभएको म्याद थप पनि नभएको अबस्थामा ढिला गरेको समयको पूर्व निर्धारित क्षतिपुर्ति रु.१ लाख ८९ हजार असुल गर्नु पर्दछ ।

१०. **कार्य अधुरै** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने मनासिब कारण भएमा म्याद थप गर्न सक्ने व्यवस्था छ । केही ठेक्कामा ठेक्का समाप्त हुने म्याद पछाडि म्याद थपका लागि निवेदन दिई म्याद थप गरेको , लेखा परीक्षण छनोटमा परेका बाट ३ (ठेक्का नम्वर २०७२।७३ को २,६,१७)योजनाहरुको म्याद समाप्त भईसकेको अबस्थामा लेखा परीक्षण अवधिसम्म म्याद थप गरेको

छैन । त्यस्तै विगत वर्षमा सम्झौता भएका निर्वाचन तर्फका निम्न ३ योजना पनि अधुरै रहेका छन ।

- रहफ-तुर्माखांद सडक खण्डको रोड.वे एक्साभेसन कार्यको २७५१२५ घ.मी. को लागि एक निर्माण व्यवसायीसंग २०७३ असार मसान्तमा कार्य सक्ने गरी २०७२।३।२९ मा रु.४ करोड १७ लाख ९४ हजारको सम्झौता गरेको छ । निजको प्रथम रनिङ विलबाट ७२५०० घ.मी. (२६.३५ प्रतिशत) मात्र कार्य गरेको अबस्थामा२०७३।३।२४ मा रु.१ करोड ३४ लाख ८९ हजार भूक्तानी गरेको छ । आपूर्तकले ठेक्का म्याद अवधिसम्म २६.३५ प्रतिशत मात्र भौतिक कार्य गरेको अबस्थमा ३२.२७ प्रतिशत रकम (पेश्की रु.८१ लाख ७९ हजार बाहेक) भूक्तानी लगेको छ । लेखा परीक्षण अवधि (२०७३।१०।२९) सम्म म्याद थप भएको र कार्य सम्पन्न भएको छैन ।

- मार्तडी देखि साप्पाटा सडक खण्ड को ठेक्का एक निर्माण व्यवसायीसंग रु.२ करोड ३७ लाख ६७ हजारमा मिति ०७३।३।१० मा कार्य सम्पन्न गर्ने गरी ०७२।३।२९ मा सम्झौता गरेको छ । रु.१० लाख पेश्की समेत यस बर्षको दोश्रो रनिङ विलसम्म रु.१ करोड ६३ लाख ७६ हजार भूक्तानी गरेको छ । २०७३।१०।२९सम्म कार्य सम्पन्न नभएको र म्याद थपको लागि निवेदन पेश भएतापनि म्याद थपको प्रक्रिया अगाडि बढेको छैन ।

- सांफेबगर मेल्लेख रोड.वे एक्साभेसन कार्यको लागि२०७३ असार मसान्तमा कार्य सक्ने गरी एक निर्माण व्यवसायीसंग २०७२।३।२९ मा रु.३ करोड २३ लाख ८० हजारमा सम्झौता गरेको छ । समयमै कार्य सम्पन्न नगरी पेश्की रु.३२ लाख समेत दोश्रो रनिङ विलसम्मको रु.१ करोड ५५ लाख १६ हजार भुक्तानी  गरेको छ ।२०७३।९।३० सम्मको म्याद थप गरेतापनि कार्य सम्पादन जमानतको पत्र समेत पेश नगरी कार्य अधुरो रहेको छ ।

निर्वाचन क्षेत्र कार्यक्रम बहुबर्षिय कार्यक्रम रहेको भएतापनि निर्माण व्यवसायीले छिटो काम गरुन भन्ने आशयले कम अवधि राखी सम्झौता गरीएको उल्लेख गरेपनि समयमा कार्य सम्पन्न गराउनुपर्दछ ।

११. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरीने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था भएकोमा आटीचौर-छेडेदह-डोगडी-जयवागेश्वरी सडक निर्माण गर्न एक निर्माण सेवालाई रु.२१ लाख ७० हजारमा ठेक्का दिइएकोमा बीमा गराएको देखिएन ।

१२. **ठेक्का फरफारक** : कार्यालय अन्तर्गत सञ्चालित चौखुट्टे सांफे सडक निर्माणको एक निर्माण व्यवसायीले रु.९९ लाख ८३ हजारमा २१ आईटम कार्य गर्ने गरी वि.ओ.क्यू.मा उल्लेख गरेकोमा १५ आईटम मात्र कार्य गरेको अवस्थामा समेत ठेक्का कार्य फरफारक गरेको पाइयो । कतिपय ठेक्का कार्यमा केही प्रमुख आइटमको कार्य नभएको अवस्थामा पनि अन्य आइटमको कार्य परिमाण बढाई सम्झौता अनुसारकै

रकम भुक्तानी गरेको समेत पाइएको छ । अतः सम्झौता अनुसारको कार्य गराएर मात्र ठेक्का फरफारक गर्ने कार्य हुनु पर्दछ ।

१३. **शीर्षक फरक** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ अनुसार स्वीकृत बजेट भित्र सम्वन्धित खर्च शीर्षकमा रहेर खर्च गर्नुपर्ने व्यबस्था गरेको छ । कार्यालयले रु.६० हजार शीर्षक फरक पारी खर्च गरेको छ ।

१४. **विजकको ढाँचा** : मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा रितपूर्वक कर विजक दिनुपर्ने व्यबस्था छ । तिन फर्महरुलाई विभिन्न कामको भुक्तानी गर्दा मूल्य अभिबृद्धि कर रु.२ लाख ४४ हजारको कैफियत देखिएको विजक पेश गरेकोले आय विवरण समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनपर्दछ ।

१५. **स्थलगत निरीक्षण** : सिलगढी सांफेबगर सडकको अछाम खण्ड चेनेज नं. १३+००० देखि १८+००० सम्मको सडकको कालोपत्रे सतह सडक सुचारु गर्न कठिन पर्ने गरी भत्केको देखियो । आ.ब. २०७१।०७२ मा डोटीबाट अछामलाई हस्तान्तरण भएपनि साविकको ठेक्कामा निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको छैन । कार्य सम्पन्न नभएको स्थानमा पुनः ठेक्का लगाउंदा काममा दोहोरो पर्ने उल्लेख गरी यस कार्यालयले समेत मर्मत कार्यको लागत अनुमान समेत बनाएको छैन । एकै मन्त्रालय मातहतका २ निकाय वीच समन्वय नभएकोले सडक मर्मतको कार्यमा ढिलाई भएको देखियो । मर्मत लगायतमा मितव्ययीता ल्याउन एवं आवागमनमा सहजताका लागि मर्मत संभार कार्यको तत्काल थालनी गर्नुपर्दछ ।

१६. **पेश्की** : ६ निर्माण व्यवसायी एवं कम्पनीहरुलाई १० निर्माण कार्य सञ्चालनका लागि दिएको मोबिलाइजेशन पेश्की रु.१ करोड ७२ लाख ५५ हजार आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट गरेको नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## नयाँ शहर आयोजना कार्यालय, सांफेबगर

१. **बार्षिक कार्यक्रम र अख्तियारी** : आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम २३ अनुसार आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र अख्तियारी तथा कार्यक्रम सम्वन्धित कार्यालयमा पुगी सक्नु पर्ने व्यवस्था छ । वजेट शिर्षक नं. ३४७३५८४ को रु.६ लाखको अख्तियारी २०७३।०३।०१ मा पठाएकोले अधिकांश कारोवार अन्तिम चौमासिक अवधिमा हुन गएको छ । यसवाट अन्तिम चौमासिक अवधिमा खर्चको चाप वढन गई कारोवारको शुद्धतामा असर पर्न जाने हुन्छ ।

२. **चौमासिक खर्च** : अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी साथ दिएको निर्देशन अनुसार अन्तिम चौमासिक तथा आषाढ महिनामा कुल खर्चको क्रमशः ४० र २० प्रतिशत भन्दा वढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष कुल पुंजिगत खर्च रु.८२ लाख ६८ हजार गरेकोमा तेश्रो चौमासिकमा पुरै र आषाढ महिनामा ६६.८४ प्रतिशत खर्च गरेको छ । यसले अन्तिम चौमासिक तथा आषाढमा खर्च गर्न पाउने अर्थ मन्त्रालयको निर्देशनको पालना भएन ।

३. **लक्ष्य र प्रगति** : आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम २३ अनुसार कार्यालयलाई तोकिएको लक्ष अनुसारको प्रगति हासिल गरेको हुनुपर्दछ । कार्यालयले हाटबजार सांफेबगर १.४ कि. मी. सडक निर्माण तथा सुधार सम्पन्नगर्ने, र नयां शहरहरुमा रहेका सरकारी जग्गाहरु छुट्याई संरक्षण गर्नेकार्य नगरेको र एकिकृत सरकारी भवनको अवधारणा अनुसार नयां शहर आयोजनाको भवननिर्माण गर्ने कार्यक्रममा १० प्रतिशत मात्र प्रगती गरेको छ ।

